का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ भदौ २०८०,
मंगलबार
22 August 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्

वर्ष २१, अंक २०८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सुधार गृह नै असुरक्षित

२२१ कैदीबन्दीहरु भागेक्रममा भएको झडपमा १९ जना सुरक्षाकर्मी र बन्दीतर्फ चार जना घाइते भएका छन् । तीमध्ये दुई जनालाई गोली लागेको छ ।



भक्तपुरको सानोठिमीस्थित बाल सुधार गृहबाट भागेर काठमाडौं आउँदै गरेका बालबन्दीहरु । तस्बिर : कमल प्रसाईं/फेसबुक

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ भदौ ।

सानोठिमीस्थित बाल सुधार गृहबाट २२१ कैदीबन्दीहरु भागेपछि नेपालको सुधार गृहकको सुरक्षामाथि नै प्रश्न उठेको छ । आइतबार र सोमबार भएको झडप र तनावबीच बाल सुधार गृहमा रहेका २९९ बालबन्दीमध्ये सुधार गृहको गेट तोडफोड गरेर दुई सय २१ जना फरार भएका थिए ।

जिल्ला प्रहरी परिसर, भक्तपुरका एसपी प्रजित केसीका अनुसार सानोठिमीस्थित सुधार गृहबाट भागेकामध्ये १९८ जना सोमबार साँझसम्म नियन्त्रणमा आइसकेका छन् । थप २३ जनाको खोजी भइरहेको छ । उनीहरुको खोजीका लागि काठमाडौं, भक्तपुर र ललितपुरमा प्रहरी परिचालन गरिएको छ ।

सोमबार दिउँसो सुधार गृहको पछाडि पट्टीको ढोका फोडिँदा कैदीबन्दी फरार भएका थिए । प्रहरीका अनुसार, त्यसक्रममा १९ जना सुरक्षाकर्मी घाइते भएका छन् । बन्दीतर्फ चार जना घाइते भएका छन् । तीमध्ये दुई जनालाई गोली लागेको छ । गोली लागेकामध्ये गम्भीर घाइतेको वीर अस्पताल ट्रमा सेन्टरमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

रामेछापको मन्थली नगरपालिका-३, कठजोरका २१ वर्षीय कमल बस्नेतको मृत्यु रहस्यमय भएको भन्दै आफन्तले बाल सुधार गृह अगाडि आइतबार नाराबाजी र तोडफोड गरेका थिए । त्यही विषयमा सोमबार पनि तनाव जारी रहँदा सुधार गृहमा रहेका कैदीबन्दी फरार भएका थिए ।

बालबन्दीका आफन्तहरुले परिसरमा उपस्थित भएर सुधार गृह नै असुरिक्षत रहेको भनी प्रश्न उठाएका छन् । यसअघि मकवानपुरको हेटौंडमा रहेको सुधार गृहमा रहेका एक १८ वर्षीय युवकको मृत्यु पनि भएको थियो । सुधार गृहमा रहेकाको मृत्यु हुन थालेको भन्दै आफन्तहरुले प्रश्न उठाएका हुन् ।

प्रहरीका अनुसार आइतबारको घटनाले नै सोमबार तोडफोडको रुप लिएको हो । जिल्ला प्रहरी कार्यालय रामेछापबाट २०७७ जेठ २९ गते १८ वर्षको उमेरमा जबरजस्ती करणी अभियोगमा सजाय भुक्तान गर्न बाल सुधार गृह सानोठिमीमा ल्याइएको रामेछापको मन्थली नगरपालिका-३, कठजोरका कमल बस्नेतको आइतबार बिहान मृत्यु भएपछि बाल सुधार गृह तनावग्रस्त बनेको थियो । शनिबारदेखिनै ज्वरो आएपछि परिवारलाई खबर गरेको र राति सिटामोल खाएर सुते पनि बिहान बेहोस पाइएपछि नागरिक अस्पतालमा उपचारका लागि लैजाँदा अस्पतालले मृत्यु भएको जानकारी गराएको थियो ।

बस्नेतको मृत्युपछि सुधार गृहमा रहेका पुरुष थुनुवाले भित्रैबाट र मृतकका आफन्तले बाहिरबाट नाराबाजी गर्दै भित्रै पसेपछि आइतबार सुधार गृहको स्थिति तनावग्रस्त भएको थियो । मृतकका अफन्तले घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने, दोषीलाई कारबाही गर्नुपर्ने र उचित क्षतिपूर्ति दिनुपर्ने माग गर्दै नाराबाजी गरेका थिए ।

मृतकको बाँया खुट्टाको तिघ्रामा पिलो आएको र पहिलादेखिनै आँखामा समस्या रहेको र ज्वरो आएको प्रहरीको भनाइ थियो । सुधार गृहले परिवारलाई मृत्यु भएको खबर दिए पनि मृत्युको कारण प्रष्टसँग जानकारी नगराएको र मृत्यु रहस्यमय भएको भन्दै आफन्तले घटनाबारे बुझ्न खोज्दा उल्टै प्रहरी बृत्त थिमिको प्रहरी निरीक्षकले टोलीले पीडित पक्षमाथि दुर्व्यवहार गरेको आफन्तले आरोप लगाएका थिए । उनीहरुले समयमै उपचार नपाउँदा ज्यान गएको भन्दै घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही र क्षतिपूर्ति दिनुपर्ने माग गर्दै नाराबाजी गरेका थिए ।

पृष्ठ २ मा



“सुधार गृहबाट बाहिर निस्कने क्रममा बन्दीले लाठी, भाला, खुकुरी, चक्कुलगायतका घरेलु हतियार लिएर प्रहरीमाथि आक्रमण गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ ।

■ **खगेन्द्रप्रसाद रिजाल**
**प्रमुख जिल्ला अधिकारी, भक्तपुर**

### देशभर बाल बन्दीको संख्या ७६४

बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन २०७९ अनुसार नेपालमा ७६४ जना बाल सुधार गृहमा छन् । प्रतिवेदन अनुसार २०७८ साल असारसम्म आठ वटा बाल सुधार गृहहरुमा जम्मा ८८७ जना थिए भने २०७९ साल असारसम्म १८ वर्षमुनिका यस्ता बालबालिकाको संख्या ७६४ जना (बालक ७३३ र बालिका ३१) रहेका छन् ।

प्रतिवेदन अनुसार सबैभन्दा बढी बाँकेमा १८४ जना बालबालिका छन् भने सबभन्दा कम २९ जना डोटीमा रहेको छ । अधिकांश बाल सुधार गृहमा पर्याप्त भौतिक

पृष्ठ २ मा

# कोशीमा फेरि मिचियो संविधान

संविधानमा सभामुख, उपसभामुख वा बैठकको अध्यक्षता गर्नेले प्रदेश सभामा मत बराबरी भएको अवस्थामा बाहेक मत दिन नसक्ने प्रष्ट व्यवस्था छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ भदौ ।

कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत पाएको घोषणा गरिएको छ । तर, प्रदेश सभाबाट पाएको भनिएको विश्वासको मत संविधान विपरित रहेको भनी लगत्तै प्रश्न उठेको छ ।

उपसभामुखको अनुपस्थितिमा सोमबारको बैठकको सभाध्यक्ष गरेका इस्राइल मन्सुरीले भोटिङका क्रममा सांसद गीता तिम्सिनालाई बोलाएपछि संसदमा हंगामा सुरु भएको थियो ।

उनले गीतालाई सभाध्यक्ष गर्न दिएपछि सोही क्रममा थापाको पक्षमा भोट हाले । तर विपक्षी दलका सांसदले नाराबाजी गरे । नाराबाजीका बीच फेरि सभाध्यक्ष गरेर मन्सुरीले थापाले प्रदेशसभाको विश्वासको मत पाएको घोषणा गरे । घोषणा अनुसार थापाको पक्षमा ४७ मत प्राप्त भयो भने विपक्षमा ३० मत पऱ्यो । अन्य सांसद भने प्रदेशसभामा विश्वासको मत फेल गराउने लक्ष्यका साथ अनुपस्थित भएका थिए ।

गत साउन १६ गते मुख्यमन्त्रीमा नियुक्त भएका थापाले सोमबार विश्वासको मत लिएका हुन् । सभामुखले राजीनामा दिएसँगै उपसभामुखले प्रदेशसभा चलाउनु पर्ने भएपनि उपसभामुख सिर्जना दनुवार बिरामी भएको भन्दै काठमाडौं लागेसँगै प्रदेशसभामा सुरुमा अन्योलता र पछि विवाद भएको हो ।

यससँगै ज्येष्ठ सदस्यको हैसियतमा कांग्रेस प्रदेश सभा सदस्य मन्सुरीले सभाको अध्यक्षता गर्ने बाध्यता

पृष्ठ २ मा

## एमाले अदालत जाने



सत्तारुढ गठबन्धनबाट संविधानको धज्जी उडाउने काम भएको छ । यसकारण संविधान जोगाउन अदालत जानै पऱ्यो । अब त निर्लज्जताको पनि सीमा रहेन ।

■ **हिक्मत कार्की**, पूर्वमुख्यमन्त्री

प्रदेशसभाको ठूलो दल एमालेका नेता तथा पूर्वमुख्यमन्त्री हिक्मत कार्कीले मत सच्याउने बेलामा सभामुखको आसनमा रहेका मन्सुरीले गरेको मतदानप्रति आपत्ति जनाएका छन् । साथै उनले थापाविरुद्ध अदालत जाने बताएका छन् ।

एमालेले सभामुखको मतसमेत जोडेर विश्वासको मत लिनु असंवैधानिक भन्दै अदालत जाने बताएको हो ।'संविधान जोगाउन हामी अदालत जानै पऱ्यो । सत्तारुढ गठबन्धनबाट संविधानको धज्जी उडाउने काम भएको छ' कार्कीले भने, 'कानून नमान्ने र संसदीय गरिमा नराख्ने काम भएको छ । अब त निर्लज्जताको पनि सीमा रहेन् ।'

## जिम्मेवारी उपसभामुखले लिनुपर्छ : सत्ता गठबन्धन



ज्येष्ठ सदस्य र प्यानलका सदस्यलाई छुट्टी बस्न लगाएर उपसभामुख भाग्नुभएको छ । यो परिस्थिति निर्माण गर्ने काम गर्नुभएकाले उहाँले जिम्मेवारी लिनुपर्छ ।

**उद्धव थापा**, मुख्यमन्त्री

मुख्यमन्त्री उद्धव थापा उपसभामुख सृजना दनुवारका कारण सभाध्यक्षले विश्वासको मत दिनुपर्ने अवस्था आएको बताउँछन् । र सोमबार आफूले पाएको विश्वासको मत वैधानिक हो वा होइन उपसभामुखले जवाफ दिनुपर्ने उनको भनाइ छ ।

प्रदेशसभाबाट थापाले विश्वासको मत पाएको घोषणा भएपछि पत्रकारहरुले उनलाई यो वैधानिक हो कि होइन

पृष्ठ २ मा

**ललिता निवास प्रकरण**

## पूर्वप्रधानमन्त्रीद्वयसँग सीआईबीको सोधपुछ

सीआईबीले जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाउने प्रतिवेदनमा कस्तो भाषा प्रयोग गर्छ त्यस आधारमा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईसँग गरेको सोधपुछले बयानको रुप लिने वा नलिने निर्क्योल हुनेछ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ४ भदौ ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (सीआईबी)ले पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईसँग ललिता निवास जग्गा प्रकरणमा सोधपुछ गरेको छ । सत्तारुढ दल एकीकृत समाजवादीका अध्यक्षसमेत रहेका नेपालसँग आइतबार राति र नेपाल समाजवादी पार्टीका अध्यक्ष समेत रहेका डा.भट्टराईसँग सोमबार विहान बयान कागज गराएको सीआईबीले जनाएको छ ।

पूर्वप्रधानमन्त्री डा. भट्टराई सामाजिक सञ्जालमार्फत ललिता निवास प्रकरणमा आफ्नो मन्त्रिपरिषद्बाट गरिएको निर्णयसम्बन्धी सत्यतथ्य जानकारी सीआईबीलाई दिएको जानकारी गराएका छन् ।

१२ असारमा भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरुङ लगायतलाई नियन्त्रणमा लिएर ललिता निवास जग्गा प्रकरणको फाइल पुनः खोलेको सीआईबीले पूर्वप्रधानमन्त्री नेपाल र डा. भट्टराईसँग सोधपुछ गरेको हो ।

तर ललिता निवास जग्गा प्रकरणमा पक्राउ परेका पूर्वकर्मचारी योगराज पौडेलले पेश गरेको बन्दी प्रत्यक्षीकरण मुद्दामा सर्वोच्च अदालतले २१ साउनमा मन्त्रिपरिषदको निर्णय तथा कार्य प्रमाणित गरी कार्यान्वयन गर्ने तहमा संलग्नहरुमाथि अनुसन्धान गर्न आदेश दिएपछि भने चासो दुई पूर्वप्रधानमन्त्रीतिर सोझिएको हो ।

फैसलामा पूर्वप्रधानमन्त्रीको नाम नतोके पनि पदसोपान (अनुसन्धानकर्ताको सवाल बमोजिम पिरामिडको माथिल्लो तह) बाटै

पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# साउदीमा जरिवानामा परेका कामदारको विवरण संकलन शुरु

**मध्यान्ह संवाददाता**
रियाद, ४ भदौ

साउदी अरेबियास्थित नेपाली दूतावासले वैदेशिक रोजगारीको सिलसिलमा साउदी अरबमा रहँदा जरिवानामा परेका नेपाली कामदारको विवरण संकलन गर्न शुरु गरेको छ । विभिन्न कारणले कम्पनी वा कफिलले जरिवाना वा फाइन लगाइ समस्यामा पारेका कामदारहरुले दूतावासको वेबसाइटमा आफ्नो विवरण अपडेट गर्न सक्ने भन्दै विवरण पठाउन ढिला नगर्न आग्रह गरेको छ । दूतावासले जरीवाना वा फाइनमा परेका कामदारको विवरण संकलन गरेपछि सामूहिकरुपमा साउदी सरकारसँग नेपाली कामदारहरुको जरिवाना वा फाइन मिनाहका लागि आग्रह गर्ने बताएको छ । साउदी अरबमा न्यूनतम तलबमा काम गर्ने अधिकांश नेपाली सवारी चालक ट्राफिक नियमसम्बन्धी जनचेतनाको अभावमा तलबले धान्ने भन्दा धेरै जरिवानामा पर्ने गरेका छन् भने कतिपय चोरीजस्ता सामाजिक अपराधमा पनि चर्को जरिवानामा पर्ने गरेका छन् ।

केही समयअघि नेपाली नागरिक कृष्णकुमार तामङ चोरीको अभियोगमा ५८ हजार साउदी रियाल जरिवानामा परेका थिए । नेपाल दूतावासको पहलमा साउदी सरकारले उनको जरिवाना रकम मिनाहा गरिदिएपछि उनी घर फर्किन पाएका थिए ।

साउदी सरकारले जरिवाना मिनाहा गरिदिएपछि पनि कतिपय नेपाली कामदार जहाज टिकटको अभावमा स्वदेश फर्किन समस्यामा पर्ने गरेका छन् । त्यस्ता कामदारलाई दूतावासले एकतर्फी ट्राभल डकुमेन्ट बनाइदिएपछि नेपालीका परोपकारी संघसंस्थाको पहलमा हवाई टिकटको व्यवस्था गर्ने गरिएको छ ।

दूतावासले विवरण पेश गर्न छुट भएकाहरुले जरिवाना मिनाहा नपाउने भन्दै रियादस्थित नेपाली दूतावास तथा नेपाली महावाणिज्यदूतावास जेद्दामा सम्पर्क गर्न पनि आग्रह गरेको छ ।

### बोर्डद्वारा गत वर्ष आधा करोड बढी उपचार खर्च प्रदान

**काठमाडौं/मस–** वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवारलाई ५६ लाख रुपैयाँ उपचार खर्च प्रदान गरेको छ । बोर्ड सचिवालयले आर्थिक वर्ष २०७९/०८० मा १ सय १२ परिवारका सदस्यलाई ५६ लाख रुपैयाँ आर्थिक सहायता प्रदान गरेको हो ।

वैदेशिक रोजगारीमा गएका श्रमिकका परिवारका सदस्यलाई क्यान्सर, मिर्गौला प्रत्यारोपण, मुटुको शल्यक्रिया, पार्किन्सन्स र अल्जाइमरजस्ता गम्भीर प्रकृतिको रोग लाग्दा बोर्डले ५० हजार रुपैयाँ सहायता दिने गरेको छ । कामदारका परिवारको स्वास्थ्य उपचारसम्बन्धी मापदण्ड, २०७३ भनेर छुट्टै मापदण्डअनुसार उक्त रकम दिइएको हो । कामदारका श्रीमान, श्रीमती, छोराछोरी, आमाबुबा र महिला कामदारका सासु, ससुरा उपचार खर्च पाउने वर्गमा पर्ने व्यवस्था छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALSARH RECRUITMENT-SOLE PROPRIETORSHIP L.L.C. शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/०५/०४ चलानी नं.: ६०२०६५१२ L.T. No.: 291303

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforcing Fitter Assistant | 100 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Stone Mason Assistant | 100 | 0 | | 800 | २८,८९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १२ गते (29 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ११३०/०७३/०७४

रसुवा ओभरसिज प्रा. लि.
एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, फोन : ५९०६४३९
E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com
Web.: www.rasuwaoverseas.com

# प्याजमा कालोबजारी गर्ने कारबाहीमा



**काठमाडौं/मस**-भारतले प्याजको निर्यातमा भन्सार बढाएको भोलिपल्टै नेपाली बजारमा प्याजमा कालो बजारी र चर्को मूल्यवृद्धि भएको देखिएको छ। एक दिनमै प्याजको मूल्य प्रतिकिलो रु २० सम्मले बढेको वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको अनुगमनबाट देखिएको छ।

भारतले निर्यातमा कर बढाउनु अगावै नेपाल भित्रिसकेको र मौज्दात रहेको प्याजमा चर्को मूल्य वृद्धि भएपछि वाणिज्य विभागले अनुगमन थालेको छ।

विभागका महानिर्देशक गजेन्द्रकुमार ठाकुरका अनुसार सोमबार विभागले तीन वटा अनुगमन टोली खटाएर कालीमाटी, बल्खु, एकान्तकुनालगायत प्रमुख तरकारी बजार र खुद्रा पसलमा अनुगमन गरेको छ। भारतले भन्सार बढाएको बहानामा व्यापारीले पहिल्यै आयात गरिसकेको प्याजमासमेत मूल्य बढाएर कालोबजारी गरेपछि अनुगमन गरिएको र केही व्यापारीलाई कारबाहीसमेत भएको उनले बताए।

'प्याजमा कालो बजारी र चर्को मूल्यवृद्धिको सूचना पाउने वित्तिकै विभागले आज दिनभरि तीन वटा टोली परिचालन गरेर बजार मूल्य अनुगमन गरेको छ। तीन वटा व्यापारीलाई जनही रू २० हजार, दुई वटा व्यापारीलाई जनही रू ५० हजारका दरले कारबाही गरिएको छ भने चार वटा आयातकर्ता र व्यापारीलाई थप अनुसन्धानका लागि कागजात माग भएको छ', महानिर्देशक ठाकुरले भने।

काटीमाटी फलफूल तथा तरकारी बजारमा आइतबार प्रतिकिलो रू ६० का दरले बिक्री भइरहेको प्याज सोमबार प्रतिकिलो रू २० सम्म बढेर रू ८० पुगेको थियो। तर विभागले अनुगमन गरेपछि आज कालीमाटी तरकारी बजारमा प्याजको मूल्य प्रतिकिलो रू १० ले घटेको उनको भनाइ छ।

वाणिज्य विभागले गर्ने नियमित अनुगमन सोमबार प्याजको मूल्य वृद्धिमा केन्द्रित भएर गरिएको थियो। उपत्यकाका विभिन्न २१ स्थानमा भएको अनुगमनमा पाँच वटालाई तत्काल कारबाही, चार वटालाई थप अनुसन्धानका लागि कागजात माग, एउटालाई २४ घण्टाभित्र विभागमा उपस्थित हुन निर्देशन र बाँकीलाई सामान्य निर्देशन दिइएको विभागले जनाएको छ। फरक मूल्य राखेर भ्याटबिल बनाएको तथा आयातकर्ता व्यापारीले अरु खुद्रा व्यापारीलाई कति रकममा बिक्री गरेका छन् भन्नेबारे विभागले विस्तृ अध्ययन गरिरहेको पनि महानिर्देशक ठाकुरले बताए।

भारतको वित्त मन्त्रालयले शनिबार प्याजको निर्यातमा ४० प्रतिशतसम्म भन्सार कर बढाउने निर्णय गरेको थियो। भारतको आन्तरिक बजारमा प्याजको मूल्य बढेपछि भन्सार कर बढाइएको भारतीय वित्त मन्त्रालयले जनाएको छ।

# शिवनगरमा श्रावण सोमबारी महोत्सव

**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, ४ भदौ

रौतहटको प्रसिद्ध धार्मिकस्थल शिवनगरमा पहिलोपटक श्रावण सोमबारी महोत्सव २०८० आयोजना गरिएको छ। जिल्लाको चर्चित एवं पर्यटकीय स्थलको रुपमा रहेको शिवनगरमा पहिलो पटक श्रावण सोमबारी महोत्सव २०८० आयोजना गरिएको हो।

गरुडा नगरपालिकाको आर्थिक सहयोग र समाज विकास केन्द्र गरुडा नगरपालिका वडा नं.१ र सह-आयोजक निराला जेनरल स्टोरको आयोजनामा महोत्सव भएको हो।

टिकटकका प्रसिद्ध कलाकार राजकुमार साह र एमएल पटेलका टिमले प्रत्येक सोमबारको दिन श्रावण सोमबारी महोत्सवमा आफ्नो प्रस्तुतिहरु प्रस्तुत गर्दै आएका छन्।

श्रावण महिनाको प्रत्येक सोमबार कुमारी कन्याले भगवान शिवको पूजा आराधना गरिँदै आएको छ।

गतेको हिसावले सोमबारी व्रत सकिएपछि तिथिको अनुसारले अझ पनि एउटा सोमबारी व्रत बाँकी नै रहेकाले सो अन्तिम सोमबारको दिन पनि कार्यक्रम आयोजना गरिएको हो।

आयोजकले आउँदो भदौ ८ गते हुने महोत्सवमा चर्चित कलाकार प्रिति पाश्वान अन्य ख्याती प्राप्त कलाकारहरु आउने कार्यक्रम रहेको आयोजकले जनाएको छ।

सातौं दिन जारी रहेको महोत्सवमा प्रमुख अतिथि गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमणी प्रसाद जयसवाल रहेका थिए भने विशिष्ट अतिथिको रुपमा भोजपुरी फिल्म कब होई मिलनवा हमारको निर्माता एवम् निर्देशक नन्दु श्रीवास्तव रहेका थिए।

कार्यक्रममा प्रमुख अतिथि जयसवाल र विशिष्ट अतिथि श्रीवास्तवले विभिन्न कलाकार हरुलाई गम्छा ओढाइ प्रशंसा पत्रले सम्मान गरिएको थियो।

सोही क्रममा विभिन्न राजनीतिक दलका नेताहरुलाई पनि सम्मान गरिएको थियो। सम्मानित हुनेमा युवा नेता राजकुमार दास, कौशल खान मिथिला, शोभी सहनी, गरुडा नगरपालिका वडा नं. १ जयनगरका पूर्व वडा अध्यक्ष सरोज यादव लगायत सहभागी थिए। टिकटकका प्रसिद्ध कलाकार सोमिया पोखरेल, रचना सिवाकोटी, राजकुमार साह र अन्य कलाकार हरुले आ-आफ्नो प्रस्तुति प्रस्तुत गरेका थिए। सो कार्यक्रममा टिकटकका कलाकाहरुले शिव लिला सम्बन्धी झाँकी प्रस्तुत गरेका थिए।

# रत्न राज्यलक्ष्मी क्याम्पसले मनायो ६३औं वार्षिकोत्सव

**मनु यादव निरज/मध्यान्ह**
काठमाडौं, ४ भदौ

त्रि.वि. रत्न राज्यलक्ष्मी क्याम्पस प्रदर्शनीमार्ग काठमाडौंको ६३ औं वार्षिकउत्सव सम्पन्न भएको छ। रत्न राज्यलक्ष्मी क्याम्पसका क्याम्पस प्रमुख प्रा. डा. जीवनधर ज्ञवालीको अध्यक्षतामा भएको कार्यक्रममा त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. शिवलाल भुषालको प्रमुख आतित्थ्यता रहेको थियो।

कार्यक्रमका विशेष अतिथि त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र संकायका डिन प्रा.डा.कुशुम शाक्य रहेकी थिइन्। कार्यक्रमका अन्य अतिथिहरुमा पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका विभागीय प्रमख प्राध्यापक चिरञ्जिवी खनाल, रत्न राज्यलक्ष्मी क्याम्पसका पूर्व क्याम्पस प्रमुखहरू रामप्रसाद भट्टराई, प्रा.डा.रुद्रप्रसाद पौडेल, डा.निर्मला कुमारी सुवाल, रत्न राज्यलक्ष्मी क्याम्पस आरएमसीका संयोजक सह-प्राध्यापक नवराज थापा, नेपाल प्राध्यापक संघका महासचिव नरेन्द्र शिवाकोटी, प्राध्यापक संघ रत्न राज्यलक्ष्मी क्याम्पस एकाइका सभापति डा. विनोद कार्की, कर्मचारी संघ, रत्न राज्यलक्ष्मी क्याम्पस एकाइका सभापति मन्दिरा बुढाथोकी, स्वतन्त्र विद्यार्थी युनियनका सभापति तपेन्द्रबहादुर शाही, पुरस्कारदाताकातर्फबाट डा. बिनुबाबा अर्याल, डा. निर्मला कुमारी सुवाल एवम् रत्न राज्यलक्ष्मी क्याम्पसमा क्रियाशिल विभिन्न वैचारिक समूहको प्रतिनिधित्व गर्ने प्राध्यापक संगठन तथा विद्यार्थी संघसंगठनका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

कार्यक्रमको अध्यक्ष समेत रहेका क्याम्पस प्रमुख प्रा.डा.जीवनधर ज्ञवालीले एक वर्षभर भएगरेका काम कारबाही तथा प्रगति विवरणसहित क्याम्पसका गतिविधि प्रस्तुत गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि शिक्षाध्यक्षले दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए।

क्याम्पसले अनुसन्धान तथा शैक्षिक विकास आयोजना व्यवस्थापन समिति(आरएमसी) बाट प्रकाशित गर्दै आएको मानविकी र सामाजिक विज्ञान जर्नल भोल्युम १४ नम्बर २ को विमोचन तथा रत्न राज्यलक्ष्मी क्याम्पसको नेपाली विभाग तथा संगीत विभागको संयोजनमा निर्माण भएको क्याम्पस गीतको विमोचन गरिएको थियो। दिवा सत्रका सहायक क्याम्पस प्रमुख राम बहादुर कार्कीले सञ्चालन गरेको कार्यक्रममा सहभागीलाई सन्ध्याकालिन सत्रका सहायक क्याम्पस प्रमुख प्रमिला विडारीले स्वागत गरेकी थिइन्।

बिहानी सत्रका सहायक क्याम्पस प्रमुख रविनदास श्रेष्ठले क्याम्पस दिवसका अवसरमा सार्वजनिक भएको आर आर गीतको बारेमा प्रकाश पारेका थिए।

कार्यक्रमका प्रमुख अतिथि विशिष्ट अतिथि लगायतका अतिथिहरुले क्यम्पस दिवसको शुभकामना व्यक्त गर्दै क्याम्पसको श्रीवृद्धिमा सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद ज्ञापन गरेका थिए। वार्षिकउत्सवकै अवसरमा विभिन्न विषयमा उत्कृष्ट अंक ल्याउन सफल विद्यार्थी तथा लामो समयसम्म क्याम्पसमा क्रियाशिल रहि निवृत भएका तथा उत्कृष्ट सेवा गर्ने शिक्षक कर्मचारीलाई सम्मान गरिएको थियो।


## साउदीमा रोजगार | कम्पनी: MANI CONTRACTING COMPANY (L.L.T)

शहर: Saudi arabia, KSA

पूर्व स्वीकृत मिति : २०८०/०५/०४ चलानी नं.: ६०२०६५७२ LT. No.: 291423

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Maintenance Supervisor | 1 | 0 | स. काममा दक्ष | 2500 | ८८,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता केन्द्रीय कार्यालय काठमाडौंमा २०८० भदौ १२ गते (29 August 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

OMEGA POWER MINDS PVT.LTD. Govt. Lic. No. 1178/073/074
साबिक: Taiba Rise Management PVT.LTD
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:taiba.rise@gmail.com


**सुधार...**
सोमबार दिउँसको मृतकका आफन्त फेरी सुधार गृह गएर नाराबाजी गरेपछि अवस्था नियन्त्रण बाहिर गएको प्रहरीको भनाइ छ।

'सुधार गृहबाट बाहिर निस्कने क्रममा बन्दीले लाठी, भाला, खुकुरी, चक्कु लगायतका घरेलु हतियार लिएर प्रहरीमाथि आक्रमण गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको' भक्तपुरका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले जानकारी दिए।

**देशभर...**
सुविधा नभएको तथा क्षमता भन्दा बढी बालबालिका राखिएको प्रतिवेदनको निष्कर्ष छ। बाल सुधार गृहहरुलाई बालमैत्री बनाउने कार्यमा संघीय, प्रदेश र स्थानीय सरकारको गम्भीर ध्यानाकर्षण हुन नसक्दा क्षमताभन्दा बढी बन्दी रहेका छन्।

**कोशीमा...**
आएको थियो। प्रदेशसभामा विपक्षमा एमालेको ४० र राप्रपाको ६ जना सांसद रहेका छन्। यस्तै सत्ता गठबन्धनको मन्सुरीसहित ४७ सांसद थियो। जुन प्रदेशसभामा कायम कुल सदस्यको बहुमत हो।

पुस २४ गते मुख्यमन्त्रीमा नियुक्त भएका हिक्मतकुमार कार्कीनेतृत्वको सरकार २०७९ असार १५ गते ढलेको थियो। त्यसपछि असार २१ गते सभामुख बाबुराम गौतमको समेत समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थापालाई सर्वोच्च अदालतको आदेशले साउन ११ गते पदमुक्त गरेको थियो।

पुनः साउन १७ गते मुख्यमन्त्रीमा नियुक्त भएका थापाले विश्वासको मत लिने समय भदौ १३ गतेसम्म कायम रहन्छ। तर, उनले सोमबार विश्वासको मत लिन लिएका हुन्। विवादका बीच थापाले लिएको र पाएको भनिएको विश्वासको मतमाथ प्रश्न उठिसकेको छ। कारण- संविधानमा सभामुख, उपसभामुख वा बैठकको अध्यक्षता गर्नेले प्रदेश सभामा मत बराबरी भएको अवस्थामा बाहेक मत दिन नसक्ने प्रष्ट व्यवस्था छ।

यही व्यवस्थालाई सर्वोच्चले पनि व्याख्या गरेको छ। तर सोमबार बैठकको अध्यक्षता गर्ने सांसद इस्राइल मन्सुरीले विश्वासको मतको पक्षमा मतदान गरे। त्यही मतको कारण प्रदेश सभामा बहुमतका लागि आवश्यक ४७ मत प्राप्त गरेको भन्दै थापालाई मुख्यमन्त्रीको रुपमा वैधानिक दिइएको छ। यो प्रकरणमा फेरि संविधान मिचिएको भनी प्रश्न उठेको छ।

**जिम्मेवारी...**
भनी प्रश्न गरेका थिए। जवाफमा थापाले परिस्थिति उपसभामुखका कारण सिर्जना भएको बताए। एमालेबाट निर्वाचित दनुवार सोमबार विहान स्वास्थ्यको कारण देखाउँदै काठमाडौं हिँडेको उल्लेख गर्दै बैठक सञ्चालनको जिम्मेवारी कांग्रेसबाट निर्वाचित इस्राइल मन्सुरीलाई तोकेकी थिइन्।

मुख्यमन्त्री थापाले उपसभामुखले मन्सुरीको अधिकार कुण्ठित गरेको आरोप लगाए।

'उहाँ (सभाअध्यक्ष) यो प्रदेशसभाको सभामुख पनि होइन, उपसभामुख पनि होइन तोकिएको व्यक्ति हो। उहाँको मत दिने अधिकार प्रदेशसभाभित्र छ कि छैन ?' थापाको प्रश्न छ, 'उपसभामुख भाग्नुभएको छ। यो परिस्थिति निर्माण गर्ने काम उपसभामुखले गर्नुभएको छ, उहाँले जिम्मेवारी लिनुपर्छ।' उपसभामुखले प्रदेशसभाका ज्येष्ठ सदस्य र अध्यक्ष मण्डलका सदस्यको विदा स्वीकृत गराएर प्रदेशसभा नै सञ्चालन हुन नसक्ने अवस्था सिर्जना गरेको थापाले आरोप लगाए। उनी अगाडि भन्छन्, 'ज्येष्ठ सदस्य र प्यानलका सदस्यलाई छुट्टी बस्न लगाएर प्रदेशसभा खाली गरेर हिँड्ने ?'

**ललिता...**
अनुसन्धान गर्न भनिएको थियो। त्यसपछि सीआईबीले पूर्वप्रधानमन्त्री नेपाल र डा. भट्टराईको बयान लिने निर्णय गरेको थियो। सीआईबी नेतृत्वले नेपाल र भट्टराईको सचिवालयलाई बयानका लागि आउनुपर्ने परिस्थिति बनेको भन्दै जानकारी गराएको थियो। तर बयान लिने क्रममा सरकारी वकिलको उपस्थिति थिएन। यसको कारण बयान हो वा होइन भन्ने प्रष्ट नगरेर पूर्वप्रधानमन्त्रीद्वयलाई सोधपुछ गरेर जोगाउन खोजेको रुपमा समेत कतिपयले लिएका छन्। संवैधानिक कानुनका एक जानकारका अनुसार सिआइबीले जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाउने प्रतिवेदनमा कस्तो भाषा प्रयोग गर्छ त्यस आधारमा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा.बाबुराम भट्टराईसँग गरेको सोधपुछले बयानको रुप लिने वा नलिने निर्क्योल हुनेछ।

सीआईबीले सोमबार नै पूर्वमन्त्री चन्द्रदेव जोशीको बयान लिएको छ। ब्युरोबाट दिउँसो आफूलाई बोलाइए पनि व्यस्त भएको जानकारीसहित फर्काएको भन्दै उनले सामाजिक सञ्जाल लेखेका थिए। त्यसपछि उनको बयान लिइएको हो। पक्राउ पूर्जी जारी भएपछि अनुसन्धान अधिकृतलाई थुनामा राखिराख्नु पर्ने नलागेपछि उनलाई छाडिएको ब्यूरोका एसएसपी दिनेश आचार्यले जानकारी दिए।

पूर्वभूमिसुधारमन्त्री जोशी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चलाएको भ्रष्टाचार सम्बन्धी मुद्दामा पनि प्रतिवादी थिए। त्यसबेला अदालत हाजिर भएर उनी तारेखमा छुटेका थिए।


## कुबेत र युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: BEATOUNA RECYCLING COMPANY K.S.C (CLOSED) शहर : Kuwait

पूर्व स्वीकृत मिति: २०८०/०५/०४ चलानी नं.: ६०२०६५२० LT. No.: 291213

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६४,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Factory Worker/helper | 100 | 0 | | 85 | ३६,६३८ | | | | | | | |

२. कम्पनी: KUWAIT WASTE COLLECTION & RECYCLING CO. शहर : Kuwait

पूर्व स्वीकृत मिति: २०८०/०५/०४ चलानी नं.: ६०२०६५१९ LT. No.: 291212

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६४,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Factory Worker/helper | 100 | 0 | | 85 | ३६,६३८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १२ देखि १४ गतेसम्म (29 to 31 August 2023) मा हुनेछ।

२. कम्पनी: SIGMA INTEGRATED TECHNICAL SERVICES L.L.C. शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०७/०१ चलानी नं.: ६०१६५४५५ LT. No.: 248456 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 28 | 19 | सम्बन्धित काममा दक्ष | 900 | ३२,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 16 | 0 | | 1200 | ४३,३४४ | | | | | | | |
| 3. | Ac Techinician | 10 | 0 | | 1200 | ४३,३४४ | | | | | | | |
| 4. | Electrician | 10 | 0 | | 1200 | ४३,३४४ | | | | | | | |
| 5. | Mason | 10 | 0 | | 1100 | ३९,७३२ | | | | | | | |
| 6. | Glass Cleaner | 10 | 0 | | 1200 | ४३,३४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १२ गते (29 August 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कुबेतको रु. १०,०००/- युएईको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com


## Bhimphedi Rural Municipality
### Office of Rural Municipal Executive
**Bhimphedi, Makwanpur**
**Bagmati Province, Nepal.**

## Invitation for Bids for Construction of Ranikhola Dhamidanda Ranibhayang Rural Road

**Date of publication: 22-08-2023**

1. The Bhimphedi Rural Municipality has allocated funds towards the cost of Ranikhola Dhamidanda Ranibhayang Rural Road and intends to apply part of the funds to cover eligible payments under the contract (contract no: BRMMK/NCB/CRDRR/02/2080.081). Bidding is open to all eligible bidders as per section V of Bidding Documents.
2. Bhimphedi Rural Municipality invites electronic bids from eligible bidders for the construction of construction of Earthwork Excavation, Drain, Stone masonary, Gabion work and Plum Concrete e.t.c. under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
3. Only eligible bidders with the following key qualification should participate in the bidding.
   a. Minimum Average Annual Turnover of the best 3 years within the last 10 years: 30150000
   b. Minimum work experience of similar Size and nature: should have completed worth Rs. 16080000
4. Eligible Bidder may obtain further information about Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/epg, shall submit a written application along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 5000.0 till 21-09-2023 10:00 a.m during office hours or online in the following Bank.
   - Name of the Bank: NIC Asia Bank Ltd, Bhimphedi Branch
   - Name of Office: Bhimphedi Rural Municipality Office
   - Internal Revenue (Rajaswa) Account no.: 167CA5750-3077001 (For purchasing Bid Documents Only)
   - Security Deposit (Dharauti) Account Number: G7CA503072524001 (For Bid Security Only)
5. Pre-bid meeting shall be held at: Bhimphedi Rural Municipality Bhimphedi Makwanpur, Bagmati Province Nepal at 11-09-2023 14:00 hours.
6. Electronic bids must be submitted to the office E-Bid only/ online portal of through PPMO website www.bolpatra.gov.np/epg on or before 21-09-2023 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 21-09-2023 14:00 hours at the office of Bhimphedi Rural Municipality Bhimphedi, Makwanpur, Bagmati Province Nepal.
8. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 5,83,000.00 NRs which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Please read, understand and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
11. Evaluation and Qualification Criteria:
    Construction Experience in key Activities on Similar Size and Nature:
    *1. Stone Masonry work - 692 CU.M*
    *2. Excavation in Hard rock - 1081 CU.M*
12. Required Bid Capacity: The bidding capacity of the bidder should be equal to or more than the NRs. 1,56,17,749.38.
13. In cases other than those mentioned above, the purchase will be in accordance with prevailing laws.

**Chief Administrative Officer**

# प्रधानन्यायाधीशमा श्रेष्ठ नियुक्त

**काठमाडौं/मस**–कायम मुकायम प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ प्रधानन्यायाधीश पदमा नियुक्त भएका छन् । नेपालको संविधानको धारा १२९ को उपधारा २ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार श्रेष्ठलाई प्रधानन्यायाधीश पदमा नियुक्त भएका हुन्। संसदीय सुनुवाई समितिको आजको बैठकले प्रधानन्यायाधिशमा उनको नाम सर्वसम्मत अनुमोदन भएको थियो ।



सन् १९५९ अक्टोबर १६ मा सिलगढी डोटीमा जन्मिएका श्रेष्ठले सन् १९८४ देखि सुदूरपश्चिम क्षेत्रीय अदालतमा शाखा अधिकृतका रुपमा सरकारी सेवामा प्रवेश गरेका थिए ।

श्रेष्ठले सन् २००४ मा गोरखा दक्षिणबाहु तेस्रो र सन् १९९१ मा गोरखा दक्षिणबाहु चौथो प्राप्त गरेका थिए। अब उनी २०८१ मंसिर २१ सम्म प्रधानन्यायाधीश रहनेछन् । सर्वोच्च अदालतको वेवसाइटमा उल्लेख भए अनुसार उनको जन्ममिति २०१६ मंसिर २१ गते हो । ६५ वर्षको उमेर हदका कारण उनले २०८१ मंसिर २१ गते अवकाश पाउनेछन् ।

# डडेल्धुरासहित सुदुरपश्चिममा गौरा पर्व शुरु

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, ४ भदौ

सुदूरपश्चिमको मौलिक पहिचान बोक्ने सबैभन्दा ठूलो 'गौरा' पर्व सोमबारबाट शुरु भएको छ । गौराको सुरुवात हरेक वर्ष भाद्र शुक्ल पक्ष पञ्चमीबाट हुने गर्दछ । पहिलो दिनलाई 'बिरुडा पञ्चमी' पनि भनिन्छ । यस पर्वको पहिलो दिन ब्रतालुको घरमा 'बिरुडा' भिजाएर गौराको सुरुवात गरिन्छ । तामा-पित्तलको भाँडोलाई गाईको गोबरले लिपेर गोबर, दुबो, अक्षताले सिंगारी त्यसभित्र पञ्चअन्न गहुँ, मास, गहत, गोरस र कलउँको बिरुडा बनाउने प्रचलन छ । बिरुडालाई 'गौरीको प्रसाद'का रुपमा लिइन्छ ।

पूजाआजाका क्रममा बिरुडालाई प्रसाद र अक्षताका रुपमा प्रयोग गर्ने प्रचलन छ । प्रतिप्रदामा लिपपोत गर्ने, द्वितिया/तृतियामा व्रतालुले लत्ताकपडा धुने/नुहाउने र चतुर्थीमा बिरुडाका लागि गेडागुडी केलाउने लगायतका काम गरिन्छ । तिनै केलाइएका बिरुडा पञ्चमीमा भिजाएर गौराको विधितत् शुरुवात गरिन्छ । यसरी भिजाएका



बिरुडालाई षष्ठीका दिन पखाल्ने प्रचलन रहेको पाइन्छ ।

सप्तमी र अष्टमीका दुई दिन गौराका विशेष दिनहरु हुन् । सप्तमीका दिन नजिकैको धान खेतमा गएर धानसँगै उम्रिएको साउँबाट गौराको प्रतिमा बनाई बाजागाजाका साथमा 'गौराघर'मा भित्र्याइन्छ । गौरा भित्र्याइसकेको गौराको वास्तविक रमझम शुरु हुन्छ । यी सबै कामहरु गर्दा मंगल गानका रुपमा 'मंगल' गीत गाउने प्रचलन रही आएको छ । गौराघरमा भित्र्याएपछि शुद्ध माटोले लिपपोत गरेको ठाउँमा निङ्गालोबाट बनेको डालोमा पूजाआजा र फाँग गीत गाउँदै राखिन्छ ।

अष्टमीको दिनलाई 'गौराष्टमी' भनेर बुझिन्छ । गौराष्टमीका दिन पूजाआजा गर्दै, मंगल गानका साथमा नचाइन्छ । त्यसै क्रममा गौरालाई गौराघरको आँगनमा ल्याएर राखिन्छ, त्यहाँ विभिन्न अठवाली गीत, चैत, धमारी, राजामहाराजाका वीरगाथाहरुका साथमा नचाउने गरिन्छ । यसै दिनदेखि ठाउँ-ठाउँमा देउडासमेत खेलिने प्रचलन छ । हिजोआज भने गौराका अरु दिनहरुमा पनि देउडा खेल्ने गरिएको पाइन्छ । गौरालाई यसक्षेत्रमा गौरा बाहेक, गमरा, गोरा, गवरा आदी नामले पनि सम्बोधन गरिन्छ । यस वर्ष प्रदेश सरकारले गौरा पर्वको अवसरमा सार्वजनिक बिदा समेत दिएको छ ।

# अनेसास नेपालमा नयाँ कार्यसमिति

**काठमाडौं/मस**–अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपालको प्रथम अधिवेशन सम्पन्न भएको छ । अधिवेशनको उद्घाटन सत्रमा 'राष्ट्र कवि माधवप्रसाद घिमिरे गीत पुरस्कार' नगद २१ हजारसहित वरिष्ठ सर्जक यादव खरेल र मररोपरान्त प्रेमध्वज प्रधानलाई प्रदान गरिएको थियो ।

प्रेमध्वज प्रधानलाई प्रदान गरिएको पुरस्कार प्रधानका भान्जी एलिसा मास्केलाई हस्तान्तरण गरिएको थियो । यसैगरी वरिष्ठ कलाकार तथा स्रष्टा मदनदास श्रेष्ठलाई 'अनेसास विशिष्ट सम्मान' प्रदान गरिएको थियो ।

यसैगरी अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदी, पूर्व अध्यक्ष गीता खत्री, अनेसासका पूर्व अध्यक्ष तथा साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली र अनेसासका निवर्तमान अध्यक्ष प्रकाश पौडेल माइलालाई पनि सम्मानपत्रसहित सम्मानित गरिएको थियो ।

यसैगरी राष्ट्रकवि माधव घिमिरे गीत पुरस्कारका संस्थापक वरिष्ठ गीतकार प्राज्ञ उन्नती बोहरा 'शीला', सम्पादक रमेश दाहाल, ठाडो भाका लोककला प्रतिष्ठान, नेपाल संस्कृति विश्वविद्यालय, जनकपुर उपमहानगरपालिका, गोरखकाली नगरपालिका, गोरखालाई कदरपत्र प्रदान गरिएको थियो ।

यसैगरी 'अनेसास भानु विशेष सम्मान' बाट भानु प्रतिष्ठानलाई र भानु सम्मानबाट कविहरु क्रमशः डा. देवी नेपाल, प्रभा आचार्य, बलराम दाहाल र सरु बस्नेत



सम्मानित भएका थिए ।

यसैगरी अनेसास नेपाल च्याप्टरले कोभिडको कारण विश्व नै लकडाउनको अवस्थामा रहेको समयमा लकडाउन संस्मरण प्रतियोगिता गरेको थियो । सो प्रतियोगितामा प्रथम हुने बाबुराम न्यौपानेलाई नगद रु.३० हजार, द्वितीय हुने पवित्रा अधिकारीलाई नगद रु. २० हजार र तृतीय हुने सम्झना निरौलालाई नगद रु. १० हजारसहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

अधिवेशनमा प्रमुख अतिथि प्रा.डा.वासुदेव त्रिपाठी, वरिष्ठ गीतकार यादव खरेल, पूर्व अध्यक्ष राधेश्याम लेकाली, प्रा.डा.गोविन्दराज भट्टराई, प्रा.डा.खगेन्द्रप्रसाद लुइटेल, सल्लाहकार प्रतीक ढकाल, केन्द्रीय उपाध्यक्ष डा.रेणुका सोलु, अध्यक्ष सन्ध्या पहाडीलगायतले आ-आफ्नो मन्तव्य राखेका थिए । यसैगरी कार्यक्रममा अनेसास केन्द्रीय अध्यक्ष गोवर्धन पूजा र बिओटी अध्यक्ष पदम विश्वकर्माको शुभकामना पनि वाचन गरिएको थियो ।

सन्ध्या पहाडीको सभापतित्व सम्पन्न सो अधिवेशनको प्रमुख अतिथि प्रा.डा. वासुदेव त्रिपाठी रहेका थिए। कार्यक्रमको सञ्चालन महासचिव ऋषभदेव घिमिरेले गरेको सो अधिवेशनमा उपाध्यक्ष राजेन्द केसीले स्वागत गरेका थिए।

अधिवेसनको बन्दसत्रमा महासचिव ऋषभदेव घिमिरेले महासचिवको प्रतिवेदन र अध्यक्ष सन्ध्या पहाडीले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सो सत्रमा केन्द्रीय समितिले सदस्यता अपडेटको नाममा निर्वाचनबाट बन्चित गर्ने गरेको कार्यको व्यापक विरोध गरिएको थियो। एकपटकको आजीवन सदस्य सधैंको आजीवन सदस्य हुनुपर्नेमा जोड दिइएको थियो । अधिवेशनले अनेसास नेपाल कार्यसमितिको निर्वाचन पनि सम्पन्न गरेको थियो । सो निर्वाचनबाट अध्यक्षमा राजेन्द्र के. सी. निर्विरोध निर्वाचित भएका छन् । यसैगरी प्रथम उपाध्यक्षमा मन्जिला अनिल र दितीय उपाध्यक्षमा निर्मलरमण पराजुली निर्वाचित भएका छन्। समितिको महासचिवमा रन्जना निरौला, सचिवमा सुशिला खड्का हसिना र कोषाध्यक्षमा कमला रिसाल निर्वाचित भएका छन् ।

यसैगरी सदस्यहरुमा क्रमशः आकाश अधिकारी, डा.शान्तिमाया गिरी, डिआर राई, शान्ति रिसाल, दुर्गाबहादुर शाह 'बाबा', सीता विष्ट कार्की, डा. हिरण्यलाल ज्ञवाली, सुमन वर्षा, सुचिता काफ्ले, द्वारिका कुइकेल र इन्दिरा ढकाल निर्विरोध निर्वाचित भएका छन्। शनिबारनै निर्वाचित कार्यसमितिलाई निर्वाचन समितिले शपथ ग्रहण गराएको थियो ।

# मध्यान्हकर्मी अहमद सम्मानित



**बिहार/मस**-बिहारको लखीसरायमा भारतीय पत्रकार हरूको प्रदेश स्तरीय गोष्ठी तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ ।

समारोहमा प्रमुख अतिथि तथा वरिष्ठ पत्रकार गंगेश गुञ्जनले आफ्नो हक अधिकारका लागि पत्रकारहरूको एकता र ऐक्यबद्धता आवश्यक रहेको बताए ।

उनले भने, 'समाजमा शान्ति, प्रेम र सद्भावका साथ जनतामाझ सत्य समाचार पस्केर सेवा गर्नु आवश्यक छ । पत्रकारले जनताको विश्वास जिती आफ्नो हक अधिकारका लागि सरकारसँग लड्नुपर्छ ।'

पत्रकारहरूको अवस्थाबारे चर्चा गर्दै विशेष अतिथि तथा संघका राष्ट्रिय अध्यक्ष सेराज अहमद कुरैशीले पत्रकारमाथि हमला भइरहेको र सरकार पत्रकारलाई सुरक्षा दिन असफल भएको बताए । 'सरकारले बेलाबेलामा पत्रकारितामाथि हमला गर्दै आएकोले पत्रकारहरूमा आक्रोश छ । सरकारले पत्रकार सुरक्षा ऐन र मिडिया नीति बनाउनुपर्छ,' उनले भने ।

कार्यक्रममा मध्यान्ह राष्ट्रिय दैनिकका रौतहट संवाददाता इश्तियाक अहमदलाई विशेष सम्मान गरिएको छ। सो अवसरमा भारतीय पत्रकार संघ बिहारका प्रदेश अध्यक्ष रञ्जित सम्राट, मो.अनवारुल हक (लखनऊ), डीएनएम न्यूजका सम्पादक पीके आजाद, रफ्तार मिडिया पटनाका मदन गुप्ता, केवल सचका प्रबन्ध सम्पादक राजीव रञ्जन उपाध्याय, अरुण बांका, ईटीभी भारत पटनाका कुन्दन कुमार, सम्पादक डा.नवविहार अमरजीत मौर, न्यूज २२ स्कोप बिहार प्रमुख एसके राजीव र मिथलेश लगायत पत्रकारहरुलाई समेत सम्मान गरिएको थियो । कार्यक्रमको अध्यक्षता भारतीय पत्रकार संघ बिहारका प्रदेश अध्यक्ष रञ्जित कुमार सम्राटले गरेका थिए ।

"आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्दै बिन्ति गरुन झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो,"

भावपूर्ण श्रद्धाञ्जली



स्वः शिवकुमारी कार्की

यस फ्युचर इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.का आफिस म्यानेजर श्री झमक बहादुर कार्कीज्यूको ममतामई आमा स्वः शिव कुमारी कार्कीको असामहिक निधनले हामी अत्यन्त मर्माहत भएका छौं । फ्युचर इम्प्लोइमेन्ट सर्भिस परिवार मृत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

फ्युचर ईम्प्लोईमेन्ट सर्भिस प्रा. लि. परिवार
लाजिम्पाट- २, गैरीधारा, काठमाडौं, नेपाल

लम्पी स्किन सम्बन्धी जनहितमा जारी सन्देश

- यो एक प्रकारको भाइरस (पक्स समूहको काप्रीपक्स भाइरस)बाट गाईभैंसीमा लाग्ने रोग हो । यो रोग भैंसीहरुमा भन्दा गाईहरुमा बढी देखिन्छ ।
- पहिला अफ्रिकामा सीमित यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण युरोप, रसिया, काजकिस्तान हुँदै बंगलादेश र भारतमा पनि केही महिना अगाडि देखा परेको थियो ।
- अहिले नेपालको मोरङ, झापालगायतका पूर्वी क्षेत्रमा यो रोगको लक्षण देखिइ सयौं गाईहरु बिरामी परेको र केही मरेको जानकारी आइरहेको हुँदा सतर्कता अपनाऔं ।

मुख्य लक्षणहरूः

- कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिंज धेरै निकाल्ने
- शरीरका विभिन्न भागहरुमा विशेष गरी घाँटी, पछाडिको खुट्टाहरुमा, पेट र थुन वरिपरि सानादेखि ठूला गिर्खाहरु देखिने
- उच्च (१०४ फरेनहाइट वा माथि) ज्वरो आउने
- दुध उत्पादन २५-८०% सम्म घट्न सक्ने
- गर्भ तुहिने तथा बाँझोपना देखिन सक्ने
- मृत्युदर कम भए पनि धेरै पशुहरु (५-४५%) बिरामी हुन सक्ने

रोग सर्ने मुख्य कारणहरु

- लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाईबाट
- संक्रमित गाईभैंसीको ओसार पसार र लसपसबाट
- संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोग गरेमा

उपचार तथा रोकथाम

- ठोस उपचार छैन ।
- प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार ।
- खोप (नेपालमा हालसम्म उपलब्ध छैन ।)
- संकमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नियन्त्रण ।
- लामखुट्टे, भिंगा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरिको वातावरण सफा राख्ने ।



लेटाङ नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
लेटाङ-३, मोरङ
कोशी प्रदेश, नेपाल

कुवेतमा रोजगार | कम्पनीः HAIR STRAND LADIES BEAUTY SALON
शहरः Kuwait

पुर्व स्वीकृत मितिः २०८०/०५/०४ चलानी नं.: ६०२०६४९९ L.T. No.: 291304

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser / Beautician / Massager / Nail Art | 0 | 5 | स. काममा दक्ष | 120 | ५१,७२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १२ गते (29 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No 1562/079/080
ERAM OVERSEAS PVT. LTD.
Sinamangal-09, Kathmandu, Tel.: 01-4492260
Email: eramoverseas074@gmail.com
Web: www.eramoverseas.com

कतारमा रोजगार | कम्पनी : HALFA SERVICES
शहर : Doha

पुर्व स्वीकृत मितिः २०८०/०५/०४ चलानी नं.: ६०२०६५६४ L.T. No.:291257

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour Services | 0 | 10 | स. काममा दक्ष | 1000 | ३६,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० भदौ १२ गते (29 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. १५३०/०७७/०७८
रेशनल ओभरसिज प्रा. लि.
कोटेश्वर-३२, काठमाडौं, नेपाल । फोनः ०१-४६०००२७ । मो.: ९८४१५३२८७६
इमेलः overseasrational@gmail.com | www.rationaloverseas.com.np

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
५ भदौ २०८०, मंगलबार
22 August 2023, Tuesday

सम्पादकीय

# संविधान कुल्चने गठबन्धन

